म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २७७ २०८० भदौ १६ गते शनिबार 2 September 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

वर्तमान सरकार देशको दुर्भाग्य हो: सचेतक बर्तौला

पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै महेश बर्तौला ।

समाज संवाददाता

हेटौंडाः प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतक एवम् प्रतिनिधि सभा सदस्य महेश बर्तौलाले वर्तमान सरकार देशको दुर्भाग्य भएको बताउनुभएको छ। बर्तौलाले शुक्रबार हेटौंडामा भएको पत्रकार सम्मेलनमा वर्तमान सरकारले देशको दिगो हुने हिसाबले कुनै कार्य गर्न नसकेकोले यो सरकारलाई देशको दुर्भाग्यको संज्ञा दिनुभएको हो ।

"वर्तमान सरकार जति सत्तामा रहन्छ तबसम्म देश बर्बादीतिर जान्छ", एमाले सचेतक बर्तौलाले भन्नुभयो। देशका १८० भन्दा बढी ऐन परिमार्जन गर्न आवश्यक रहेको तर सरकारले त्यसो गर्न नसकेको बताउनुहुँदै वर्तमान सरकारले ८ महिनामा एउटा मात्र विधेयक निर्माण गर्न सकेकोले सरकारले संसदलाई बिजनेस दिन नसकेको बर्तौलाले दावी गर्नुभयो । वर्तमान सरकार देशमा केही गर्न नखोजी सत्ता जोगाउन मात्र लागेको आरोप समेत उहाँले लगाउनुभयो। सरकारलाई आफ्नो पार्टीले प्रतिपक्षमा बसेर विभिन्न भ्रष्टाचारको विषयमा आवाज उठाउँदा प्रतिपक्षीले संसद चल्न दिएन भनेर सरकारले आरोप मात्र लगाउने गरेको उहाँको भनाइ रहेको थियो। सरकार एउटा प्रचार गर्ने र काम अर्को गर्ने गरेकोले देशमा कुनै विकासको काम हुन नसकेको उहाँको भनाई छ ।

वर्तमान सरकारको नेतृत्वमा कार्णाली प्रदेशमा विद्रोह सुरु भएको बताउनुहुँदै २ तिहाइको सरकारले निर्णय गरेको प्रदेशको नाममा विद्रोह फैलाएको बर्तौलाको भनाइ रहेको छ । वर्तमान सरकारले गर्दा युवाको भविष्यमा खेलबाड भएको बताउँदै देशमा केही गर्न सकिन्छ भन्ने जाँगर युवामा हराउँदै गएकाले युवा विदेश जान बाध्य भएको बताउनुभयो । देशमा १० वर्षपछि लोकसेवाले विज्ञापन गर्दा कर्मचारी नपाउने अवस्था सिर्जना हुने बताउँदै प्रचण्ड सरकारले देशमा अन्यौलता सिर्जना भएको उहाँको भनाइ रहेको छ ।

नेपाली काँग्रेस पार्टी ठूलो हात्ती भएको तर सानो माउतेको इसारामा चलेको बताउँदै काँग्रेसले पनि आफुले केही गर्न नसक्ने अरुको इसारामा काम गर्ने बताउनुभयो ।

हेटौंडा अस्पतालमा कर्मचारीको माग १३०, आवेदक २,२५९ जना

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा कर्मचारी भर्नाका लागि गरिएको विज्ञापनमा २ हजार २ सय ५९ जनाले फारम भरेका छन् । बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयले उपलब्ध गराएको एक सय ३० जनाको अस्थायी दरबन्दीमा पदपूर्तिका लागि विज्ञापन गरिएको थियो ।

हेटौंडा अस्पतालका लागि आवश्यक विभिन्न प्रकारका अस्थायी दरबन्दीमा करारमा पदपूर्ति गर्नका लागि भएको विज्ञापनमा २ हजार २ सय ५९ जनाले दरखास्त दिएको अस्पतालका व्यवस्थापक सुरेश बडुले जानकारी दिनुभयो । अस्पतालको मेडिकल अधिकृतका लागि ५३ जनाले फारम भरेका छन् । यस्तै, हेमियोप्याथिक चिकित्सकका लागि ६ जना, रेडियोग्राफी टेक्नोलोजिष्टका लागि १६ जना, माइक्रोबायोलोजिस्टका लागि ८ जना, स्टाफ नर्सका लागि २ सय ९५ जना, हेल्थ असिस्टेन्टका लागि २ सय ११ जना, ल्याब टेक्निसियनका लागि १ सय ३२ जनाले आवेदन दिएका छन् । फार्मेसी सहायकका लागि ६८ जना, रेडियोग्रफरका लागि ३१ जना, एनेस्थेटिक सहायकका लागि ३ जना, मेडिकल रेकर्डरका लागि १३ जना, सहायक कम्प्युटर अपरेटरका लागि ६ सय ६० जना, स्वीपरका लागि ७ सय १० जना र सुरक्षा गार्डका लागि २ सय ८७ जनाले फारम भरेका हुन् ।

अस्पतालले २ हजार २ सय ५९ जनाबाट १ सय ३० जनालाई छनोट गर्नेछ। अस्पतालले यही भदौ १७ गतेदेखि २७ गतेसम्म हुने परीक्षा तथा अन्तरवार्ताबाट १ सय ३० जनालाई छनोट गर्ने बताइएको छ । अस्पतालले आठौं तहको मेडिकल अधिकृत १५ जना, आठौं तहको हेमियोप्याथिक चिकित्सक १ जना, सातौं तहको रेडियोग्राफी टेक्नोलोजिष्ट ४ जना, सातौं तहका माइक्रोबायोलोजिस्ट १ जना, पाँचौं तहको स्टाफ नर्स ४५ जना, पाँचौं तहको हेल्थ असिस्टेन्ट १० जना, पाँचौं तहको ल्याब टेक्निसियन ७ जना, पाँचौं तहको फार्मेसी सहायक ८ जना, रेडियोग्राफर ५ जना, पाँचौं तहको एनेस्थेटिक सहायक २ जना, पाँचौं तहको मेडिकल रेकर्डर २ जना, चौथो तहको सहायक कम्प्युटर अपरेटर ८ जना, श्रेणीबिहीन स्वीपर ११ जना र श्रेणीबिहीन सुरक्षा गार्ड ११ जनाको माग गरेको हो ।

शिक्षाको बजेट संरचना निर्माणमा केन्द्रित

समाज संवाददाता

हेटौंडा- हेटौंडा उपमहानगरपालिकाको ९ नम्बर वडाले गत आर्थिक वर्ष २०७९/२०८० को शिक्षा क्षेत्रको अधिकांश बजेट विद्यालय संरचना निर्माणमा खर्च गरको छ। वडाले शिक्षा क्षेत्रको थोरैमात्र बजेट विपन्न बालबालिका लक्षित कार्यक्रममा खर्च गरेको हो ।

वडाले करिब ३३ लाख शिक्षा क्षेत्रमा खर्च गरेको छ। यो वडाको कुल बजेटको १९ प्रतिशत हो । ३३ लाख रुपैयाँ शिक्षा क्षेत्रमा खर्च गर्दा विपन्न बालबालिका लक्षित कार्यक्रमका लागि १ लाख ५० हजारमात्र बजेट खर्च गरेको बताइएको छ ।

वडाले गत आर्थिक वर्ष दिव्यज्योति आधारभूत विद्यालयका ७२ जना विद्यार्थीलाई ब्याग वितरण गर्न ३० हजार रुपैयाँ खर्च गरेको वडा सचिव दीपेन्द्र चौधरीले जानकारी दिनुभयो । प्रगति माध्यमिक विद्यालयमा कक्षा-११ र १२ मा अध्ययन गर्ने १२ जना विद्यार्थीलाई प्रति विद्यार्थी १० हजार रुपैयाँको दरले १ लाख २० हजार छात्रवृत्ति वितरण गरेको उहाँले बताउनुभयो।

वडा कार्यालयले त्रिवेणी आधारभूत विद्यालयको संरचना निर्माणका लागि ५ लाख रुपैयाँ, दिव्यज्योति आधारभूत विद्यालयको संरचना निर्माणका लागि ६ लाख रुपैयाँ र प्रगति माध्यमिक विद्यालयको भवन निर्माणका लागि १५ लाख रुपैयाँ बजेट खर्च गरेको छ। यसैगरी दिव्यज्योति र त्रिवेणी आधारभूत विद्यालयका २/२ जना निजी श्रोत शिक्षकको वार्षिक पारिश्रमिक १२ हजार रुपैयाँका दरले दिएको बताउनुभयो।

चालु आर्थिक वर्ष २०८०/०८१ का लागि पनि शिक्षा क्षेत्रमा विद्यालय संरचना निर्माण र विपन्न बालबालिका छात्रवृत्ति कार्यक्रममा नै वडा कार्यालयले जोड दिएको छ। त्रिवेणी आधारभूत विद्यालयको शौचालय निर्माण, दिव्यज्योति आधारभूत विद्यालयको डेस्कबेन्च निर्माण र प्रगति माविको संरचना निर्माणको कार्यक्रम प्रस्ताव गरिएको छ । विपन्न बालबालिका लक्षित छात्रवृत्तिका लागि भने २ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताइएको छ।

प्रदेश क्रिकेट संघ अध्यक्षमा पारस खड्का

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा पारस खड्का चयन हुनुभएको छ । शुक्रबार भएको निर्वाचनमा नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान पारस खड्का अध्यक्ष निर्वाचित हुनुभएको हो ।

संघको उपाध्यक्षमा मकवानपुरका प्रेम क्षेत्री चयन हुनुभएको छ । निर्वाचनमा अध्यक्ष खड्काले उमेश पियालाई ९ मतले पछि पार्नुभएको छ । खड्काले २३ मत ल्याउँदा पियाले १४ मत प्राप्त गर्नुभएको थियो ।

उपाध्यक्षमा चयन हुनुभएका मकवानपुरका क्षेत्रीले रुपक रञ्जितलाई पनि ९ मतले नै पछि पार्नुभएको हो । क्षेत्रीले २३ मत ल्याउँदा रञ्जितले पनि १४ मत नै प्राप्त गर्नुभएको थियो ।

संघको सचिवमा प्रशन्न शाक्य र कोषाध्यक्षमा सञ्जय बस्नेत चयन हुनुभएको छ। यस्तै, सदस्यहरुमा अजयवीर पाण्डे, अनिल अधिकारी, सन्जोक पोखरेल, सुजन महर्जन, निरा राजोपाध्याय, धिरज श्रेष्ठ, शेखर श्रेष्ठ, बसन्तराज सत्याल र अनुजमान श्रेष्ठ चयन हुनुभएको छ । संजोक र धिरज मकवानपुरका हुनुहुन्छ ।

एकै दिन दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न जिल्लामा एकै दिन दुई जनाको मृत्यु भएको छ । बागमती प्रदेशको सिन्धुली र चितवन जिल्लामा एकै दिन दुई जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

सिन्धुली जिल्लाको गोलञ्जोर गाउँपालिका-७, सुनकोशी नदीको किनारामा एक जनाको शव फेला परेको छ । बिहीबार बिहान ७ बजेको समयमा रामेछाप जाने झोलुंगे पुलमुनी सुनकोशी नदीको किनारामा सनाखत नभएको अन्दाजी ३८ वर्षीय पुरुष व्यक्तिको शव सडीगलेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-९, काँडाघारीमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४५ वर्षीया जानुका तामाङ रहको प्रहरीले जनाएको छ । तामाङ बिहीबार बेलुका ९ बजेर १० मिनेटको समयमा आफ्नै घर देखि अन्दाजी १० मिटर पर बाटो छेउमा अचेत अवस्थामा फेला परेकी थिइन् । तामाङलाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा १० बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

लागुऔषधसहित दुईजना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित २ जनालाई मनहरीबाट पक्राउ गरेको छ । मकवानपुरको मनहरी गाउँपालिका-६, खयरघारीमा बिहीबार बेलुका ७ बजेको समयमा ना ३२ प २९५५ नम्बरको मोटर साइकललाई सुरक्षाजाँच गर्दा मनहरी गाउँपालिकाको नयाँबस्तीका २९ वर्षीय सन्तलाल लामालाई लागुऔषधसहित पक्राउ गरेको मकवानपुर प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जनाकारी दिनुभयो ।

लामाको साथबाट प्रहरीले २ किलोग्राम लागुऔषध गाँजा र नगद ५९ हजार रुपैयाँ बरामद गरेको थियो । यस्तै मनहरी गाउँपालिका-९ ज्यामिरेका ३८ वर्षीय टेक बहादुर तामाङलाई पनि प्रहरीले लागुऔषध गाँजासहित पक्राउ गरेको छ । प्रहरी प्रवक्ता टेक बहादुर कार्कीकाअनुसार बिहीबार बेलुका ९ बजेर ३० मिनेटको समयमा पैदल हिँडिरहेका तामाङलाई शंका लागी सुरक्षजाँच गर्दा उनको साथबाट लागुऔषध गाँजा १० किलोग्राम फेला पारेको प्रहरीले जनाएको छ। लागुऔषध गाँजासहित पक्राउ परेका दुबैजनालाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता कार्कीले जानकारी दिनुभएको छ ।

नक्कली नोटसहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले नेपाली १ हजार रुपैयाँको ९५ थान नक्कली नोटसहित तीनजना पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको राक्सिराङ गाउँपालिका-२ का ४० वर्षीय विजय तामाङ, रौतहट जिल्लाको कटहरीया नगरपालिका-६ का १९ वर्षीय धर्मेन्द्र महरा र कटहरीया-१ का २१ का दिपेश दास रहेका छन् ।

बिहिबार राति ९ बजेर ३० मिनेटको समयमा हेटौँडा-१५, चुरियामाई मन्दिरस्थित सडकखण्डमा विशेष सुचनाको आधारमा प्रहरीले चौकी रातोमाटेबाट प्रहरी वरिष्ठ नायव निरीक्षक मञ्जु कुमारी रानाको कमाण्डमा खटिएको टोलीले पैदलयात्रीहरु महरा र दासलाई सुरक्षाजाँच गर्दा महराको साथबाट उक्त नक्कली नोट फेला परेको थियो । उक्त नक्कली नोटसहित महरा र दासलाई पक्राउ गरी सोधपुछ गर्दा राक्सिराङका तामाङबाट उक्त नोट ल्याएको बताएपछि तालुक इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट प्रहरी निरीक्षक दिनेश कुँवरको कमाण्डमा टोली खटेर राक्सिराङका तामाङलाई पनि अनुसन्धानलाई पक्राउ गरिएको हो। पक्राउ परेका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ।

उत्कृष्ट ५ भिडियो निर्माता पुरस्कृत

उत्कृष्ट भिडियो निर्माताहरु पुरस्कारस्वरुप प्राप्त पुस्तक देखाउँदै ।

समाज संवाददाता

हेटौंडाः सोह्रौं पुस्तकालय दिवसको अवसरमा आयोजना गरेको भिडियो सन्देश प्रतियोगितामा अनुसुया खनाल, निमिषा निरौला, मुना दाहाल, यश लामा, विशाल दोङको भिडियो उत्कृष्ट ५ मा पर्न सफल भएको छ । हेटौँडा-४, भैरवरोडस्थित किताब घरले आयोजना गरेको भिडियो सन्देश प्रतियोगितामा २० जनाको सहभागिता रहेको किताबघरका सञ्चालक छवि अनित्यले जानकारी दिनुभएको छ ।

किताबघरले बिहिबारसम्म भिडियो सन्देश पठाउन आव्हान गरेको थियो । उत्कृष्ट भिडियो सन्देश निर्माताहरूलाई शुक्रबार पुस्तकालय दिवसको अवसरमा किताबघरमा एक कार्यक्रमका बीच पुरस्कृत गरिएको छ । पाँचैवटा उत्कृष्ट भिडियो सन्देशहरू किताबघरको फेसबुक पेजमार्फत सार्वजनिक गरिएको छ। पठन संस्कृति विकासका लागि किताबघरले यसप्रकारका विभिन्न कार्यक्रमहरूलाई आगामी दिनहरूमा समेत निरन्तरता दिनेछ ।

पाँचवटै उत्कृष्ट भिडियो निर्मातालाई जनही एक हजार रुपैयाँ बराबरको पुस्तक प्रदान गरिएको छ ।



विरहिणी दमयन्ती कथाको भाग-२



सर्वज्ञा ढुंगाना

दमयन्ती चेदी नगरको आफ्नो ठूली आमाको घरमा करिव दुई महिना बिताइ सक्दा पनि आफ्नो पति भेटिने कुनै छाँटकाँट नदेखिए पछि उनी सैरन्रीको काम छोडी त्यहाँबाट निस्कने विचार गरिन् तर उनले त्यो प्रस्ताव आफ्नी ठूलीआमा सुनन्दाको सामु राख्न सकिनन् किन भने त्यहाँ उनलाई आफूले भनेको सर्तहरू सबै पूरा भई रहेको थियो ।

उनले एकदिन कुनै कुरा नसोची आफ्नो श्रीमानको खोजीमा लाग्नै पर्छ भन्ने विचार आफ्नो मनमा अधिक बनाई आफ्नो प्रस्ताव राखिन् तर आफ्नी ठूलीआमाले उनले गरेको काम अझैसम्म पनि खोट नभेटिएको र आफ्नो छोरीको अहिलेसम्मको सुरारे मध्ये उनले नै स्वाभिमानीपूर्वक काम गरेको भएर उनलाई त्यही बस्न आग्रह गरिन् । त्यो भनेको सुन्दा आफ्नी ठूलीआमाको कुरा काट्न सकिनन् । दमयन्ती आफूले सहजै यहाँबाट निस्कन नपाउने भएपछि त्यही राति उनी त्यस घरबाट भागिन् ।

उनी त्यहाँबाट भागेपछि निरन्तर आफ्नो पतिको खोजीमा लागिरहिन् । उहीले त्यहाँबाट हिँड्दा हिँड्दै ठूलो जङ्गल आई पुग्यो । उनी त्यहाँ पुगुञ्जेलसम्म भोक र निद्राले छट्पटाउन थाली सकेकी थिइन् । उनी त्यस जङ्गल काटेर अर्को मुलक पुगिन् । त्यहाँ केबल १२ वटा जती घर थियो । राम्रो वतावरण थियो । उनको त्यस हालत देखेर त्यसै गाउँमा बसोबास गर्दै गर्ने एक नवजवान युवकले देखेर उनको परिचय मागे । उनले आफूलाई यस गाउँमा कसैले नचिन्ने भएकाले खुलस्त रूपमा आफ्नो परिचय दिइन् । आफू पतिको खोजीमा त्यहाँसम्म आएको कुरा पनि बताइन् । त्यस युवकले दमयन्तीको सबै कुरा सुनेपछि आफ्नो घर लाने कुरा बताए । दम्यन्तीले आफ्नो भोकको पछाडि केही नलाग्ने भएर हओस् भन्न पनि तयार भईन् उनीहरु दुवै त्यस युवकको घर पुगे ।

युवकको घरमा आफ्नी श्रीमती र दुई छोरी पनि देखेपछि उनको मनमा डरको भाव हरायो । उनलाई देखेर त्यस युवककी श्रीमतीले पनि परिचय सोधिन् । उनले दमयन्ती आफ्नो पतिको खोजीमा यति टाढासम्म आएको कुरा सुनेपछि उनलाई त्यही राख्ने विचार गरिन् । बेलुका भइ सकेको थियो । उनीहरुले खाना खाने क्रममा आफ्नो पति नलको बारमा बताइन् दम्गन्तीले । नलको नाम सुन्ने बितिकै श्रीमान र श्रीमती मुखा मुख गरेको देखेर दमयन्तीले के भयो भनेर सोध्न बाध्य भइन् । केही दिन अघिमात्र नल नाम भएको युवक र त्यसै गाउँकी एउटी केटीको बिबाहा भएको कुरा बताए । उनीहरुको त्यति कुरा सुन्ने बितिकै उनी सास मत्र बाँकी भएको एउटा लास भइन् । जिउँदो लास । उनीहरुले हरेक कुरा भनेर उनलाइ सान्त्वना दिन खोजे तर छिद्र मुटुमा मलम लगाएर कहाँ हुन्थ्यो र । उनको मनमा अनेक प्रश्न उठ्न थाले कतै बलले मलाई धोका त दिएन ? उनको त्यस दिन आफ्नो पतिब्रताको कुनै अस्तित्व रहेन । उनले आफूलाई सम्हाल्नै सकिनन् । अन्ततः उनी अब एक्लै जीवन जिउने निधोमा पुगिन् र सानो छाप्रो बनाएर त्यसैमा बस्न थालिन् ।

कक्षा १२
हेटौंडा स्कूल अफ म्यानेजमेन्ट



चित्रकला



दिपासना थापा
कक्षाः- १०
जिएस निकेतन, हेटौंडा-५



दिव्या मोक्तान
कक्षा-२, निर्मल मावि,
हेटौंडा-१९

जिन्दगीका गोरेटाहरु

भाग-३

प्रमिता कार्की

मैले भनेँ, 'चार' ! त्यै त सबै उस्ताउस्तै अनि उत्रै चिन्नै नसकिने, म त झुक्किन्छु तपाईंहरुलाई देख्दा ! उहाँले हाँस्दै भन्नुभो । उहाँको कुरा सुनेर म मुसुक्क मुस्कुराएँ । 'कसैको बिहे भएको छैन होइन त ?' उहाँले बडो उत्सुकताका साथ सोध्नुभयो । मैले छैन भनेर भनेँ ।

ओहो ! गफैगफमा त स्कुल पो आइपुगिसकिएछ । मैले ब्यागबाट सत्तरी रुपैयाँ झिकेर दिँदै गेटमा बस्ने दाइलाई मुस्कानका साथ 'गुड मर्निङ दाइ' भनेँ र हतारहतार हाजिरी गर्न गएँ ९:३३ पो भैसकेछ । जवाना साइन्स र टेक्नोलोजीको छ, हाजिर पनि डिजिटल थम्ब अरे ! म चाहिँ टेक्नोलोजीसँग खासै फेमिलिएर छैन । भन्दा नपत्याउनुहोला तर फिलिम हल नटेकेको त लगभग उन्नाइस बर्ष भैसकेछ । सायद उपन्यास र अन्य विधाका पुस्तक पढ्न अलि बढी मनपराउने भएर होकि यो फिलिम सिलिम भन्ने कुरामा कहिल्यै मन गएन । झन् यो मोबाइल फोन, ल्यापटप, कम्प्युटरको बारेमा त त्यै हो खोल्न बन्द गर्न अनि फोटो खिच्न मात्रै हो आउने बरु त्यो नि अझै राम्रोसँग आउँदैन भन्दा पनि फरक नपर्ला !

यो सुनेर पक्कै मान्छेहरुले 'पाखे' उपनाम देलान् तर पनि मलाई विस्मात लाग्दैन किनकि सायदै मलाई टेक्नोलोजीप्रती ज्ञान नहोला तर किताबी ज्ञान त छ नि ! जति किताब नि पढ्न सक्छु लेखेर जति पाना नि भर्न सक्छु ! यो चाहिँ मसँग भएको एउटा मात्रै खुबी होला, बाँकी अब विकास गर्दै जानुपर्ला नि समयसँगसँगै ! हरे ! के विधि कुरा आको मलाई ! आउट अफ ट्राक पो गएछु कि क्या हो ।

हाजिर गरेर म दायाँबायाँ नहेरी सिधै आफुले पढाउने कक्षामा गएँ जहाँ मेरो शिक्षक सहकर्मी साथीहरू र विद्यार्थी भाइबहिनीहरुले राष्ट्रिय गान गाउँदै हुनहुँदोरहेछ । राष्ट्रिय गान नसक्कुन्जेलसम्म ससम्मान म ढोकामा नै उभिएर सँगै गाउन थालेँ ।......

किताब

रोशनी तामाङ

कति राम्रो किताब
पढ्न मन लाग्ने
निद पनि भाग्ने
जाँगर पनि लाग्ने ।

पढ्छु पढ्छु किताब
म ज्ञानी भई
नयाँ किताब किन्छु म
यो हरायो भने रुन्छु ।

सधैं किताब पढ्ने
अघि अघि बढ्ने
ठूलो मान्छे बन्ने
ज्ञानी भई बस्ने ।

कक्षा-७, अमर मावि, हेटौंडा-१

गुनासो

समिर ढुङ्गाना

बादल लाग्दैमा आज घाम अस्तायो नभनन्
बोलिन भन्दैमा तिमिसित म रिसायो नभन्नु
म त सँधै तिमिलाई नै हेर्ने गर्छु
कहिलेकाहीँ आँखा झिम्काएँ भन्दैमा
मैले भुल्न खोजेँ नभन्नु

खोल्सामा पानी जम्दैमा
त्यसलाई नदी नभन्नु
म उनीसित नजिकिएँ भन्दैमा
म तिम्रो होईन नभन्नु
म त सँधै तिमिलाई नै पाउने आश गर्छु
कहिलेकाहीँ मेरो अँगालोमा च्यापेँ भन्दैमा
तिम्रो स्वतन्त्रता लुटेँ नभन्नु

तिमिले हेर्दा मैले हेरिँन भन्दैमा
मेरा आँखाहरु अर्कैतिर मोडिए नभन्नु
तिमि बोल्दा म बोलिन भन्दैमा
मेरा औँठहरुले तिमिलाई चाहेनन् नभन्नु
म त सँधै तिमिलाई नै माया गर्ने गर्छु
कहिलेकाहीँ तिम्रो अँगालोमा म निदाएँ भन्दैमा
मैले तिम्रो निन्द्रा खोस्ने नभन्नु

कक्षा-११
हेटौंडा स्कुल अफ म्यानेजमेन्ट

सञ्चार तातो गर

रियाज कार्की

(छन्दः शार्दूलविक्रिडित्)

भित्रैभित्र कुहाउँदै जहरिला सामान बढ्दै छ जो
अर्काको पसिना पिएर जसले सत्ता समाल्दै गयो ।
गन्ध फोहोर सोच राख्छ मनमा मान्दै नमानी घिन
चिप्लो घस्छ बजारिँदै मगजमा छारो धुलौटे किन ?

नाफा केवल भन्छ बुझ्छ धनकै विज्ञान भाषाहरु
भन्छन् मान र सान किन्छु धनले सम्बन्ध बिक्री गरुँ
खाडी पस्न गराउँछन् विवश नै बिर्सी जवानी यहाँ
हाम्रै बास जलाउँदै सडकमा बेच्छन् खरानी यहाँ

कौवा बन्दछ कोइली रङ धसी देख्दा सख्या खभुर्जा
कालो याम झुलाउँदै छ पिङमा ओछ्यान पार्दै धुजा
आँखा निभ्छ चियाउने सकसमा गर्दा छिमेकी यहाँ
ओढ्दै खोल बिहान ढाक्छ धमिरे बन्दै तुसारो यहाँ

ठेकेदार दिँदैन मूल्य श्रमको आन्द्रा बटार्ने झर्ने
हेर्दा बाहिर सौम्य खरा रहने छन् भित्र दुर्भाव नै
भुल्छन् ती पहिचान बाघ स्वयमै निर्धा परे मारमा
हात्ती मै हुँ भनेर थिच्छ हलुको ढुंगो बनी मारमा

ठण्डा भाछ जमेर चेतनहरु सञ्चार तातो गर
आँखी झ्याल उधार उत्तम हुने आशा उज्यालो भर
यस्तो सोच बनाउ फेरि कहिल्यै फेर्नै नपर्ने गरी
यस्तो गाउँ बनाउ अन्य स्थलमा हेर्नै नपर्ने गरी

कक्षा-१२, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२

गाउँ र सहर

सुदीप अधिकारी

गाउँ हाम्रो जन्मथलो
जित्नेको आवाज सुनेको छु,
गरीबको मद्दत गर्नेछु,
अरुलाई जिताउन हामी हार्नेछौं ।

गाउँमा हामी बस्ने हो,
गाउँको विकास गर्ने हो,
विकासकै कार्य गर्दा गर्दा
गाउँलाई शहर बनाउने हो ।

गाउँमा बस्ने हाम्रो ईच्छा छ,
पढ्नलाई शहरमा पठाई
पढाइको चक्कर लगाई
गाउँ फर्किन पढाई सिध्याउन परिगो ।

गाउँको हरियाली देख्न मन लागिगो,
शहरको काम गर्दागर्दै थाकियो,
गाउँ छ मेरो शान्तिको प्यारो खुसीले ढाकेको,
मानिस त्यहाँ हिंसाले होइन मायाले बाँचेको ।

कक्षा-७, अमर मावि, हेटौंडा-१

उड्ने छेपारो

सृष्टि यादव

मैले पढेको पुस्तकको नाम (शीर्षक) उड्ने छेपारो हो । यस किताबको लेखक डा. बिमल कुमार सुवेदी हो । यस कविताको विधा कथा हो । यस किताबको प्रकाशक कथालय इन्क, काठमाडौँ नेपाल हो । यस किताबको प्रकाशन मिति २०७३ पुस (२०००) हो । यस किताबको पृष्ठ सङ्ख्या ९४ छ । यस किताबको आइसबिएन नं. ९७८-९९३-६६९-५०-४ हो । यस किताबको मूल्य १२० रुपैयाँ राखिएको छ ।

यो पुस्तकमा उड्ने छेपारोको बारेमा लेखिएको छ । पुस्तक भित्र पढ्नु पर्ने अभ्यास वा विषयहरु एउटा मात्रै छ । यसका शीर्षकहरु टेरासोर मात्र हो । मलाई यस किताब पढन २ घण्टा लाग्यो । पुस्तकमा लेखिएका भाषा वा शब्दहरु सजिला खालका छन् । पुस्तकले भन्न खोजेको कुरा जीवाश्म बन्न जमीन भन्दा पनि अनुकुल स्थान समुद्रको पिँध हो र मृत प्राणीलाई चाँडै नै बालुवा र हिलोको पत्रले छोपेर पुर्दछ र प्रकृतिको सुरक्षाकवचमा राख्दछ ।

पुस्तक पढ्न रमाइलो र महत्वपूर्ण लागेको कुराहरुः अनौठो लाग्ने प्रणी हामी यस धर्तीमा थियौँ । त्यो युग अनौठो थियो । किनभने त्यस युगको र आजभोलिको कुरा केहि पनि मिल्दैन । आजभोलि जस्तो घर, कार, खेलौना, मनोरञ्जन, रेल, चकलेट आदि केहि पनि थिएन । त्यो बेलामा अमेरिका, बेलायत, भारत, चीन, जापान पनि थिएन । किनभने मान्छेको उत्पति नै भएको थिएन । मलाई यो पुस्तक पढ्न मन लागेको थियो किनकि यस पुस्तकमा राम्रा-राम्रा कुराहरु र चित्रहरु छन् ।

पुस्तकमा सच्याउनुपर्ने वा कमजोरीहरु केहि पनि छैन । यो पुस्तक मेरा प्यारा साथीहरुलाई र शिक्षिकालाई पढ्न सुझाव दिन्छु । यो पुस्तक पढेर प्रकृतिको पुस्तक भनेको यहि पृथ्वी र यहीको अन्तरिक पुराना कुराहरु छन् भन्ने फाईदा मिल्छ ।

कक्षा-५, बालजागृति इङ्गलिस सेकेन्डरी स्कुल, हेटौंडा-२

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

आऊ सँगै देश बनाऔँ

अनिश गजुरेल

सन्तुष्ट शान्तिले निको हुदैछ घाउहरू
पीडा छ मनमा सनातन यात्रा जाउ बरु
यी शब्दका परेट खेल्न शब्दकोशै खाइ बरु
म सिकाउने छु तिमीलाई समात मेरे पाउ बरु

यो समाजको दृष्टिलाई कापीमा कोर्न जाँदैछु
नकरात्मक दुष्टपनको मैलो सोर्न जाँदैछु
धमण्डी सैतानको सूर्यमा झण्डा गाड्न जादैछु
ईन्द्रिय असक्तलाई रंगिन पार्न जादैछु।

ईश्वरको रचनामा रमाउँदै छन् स्यालहरू
बदलिएछन् सबै थोक बद्लिएनन् यादहरु
मलले देको फलहरू या बलले देको
छलहरुमा प्यास बुझाउँदै के गरुँ ?

मस्तिस्कमा मेरो शब्दहरूको सागर छ
चलाउँदछु कलम यसैमा मलाई जाँगर छ
देवकोटा कविझैं भैसकेछु पागल म
स्वतन्त्र पंक्षीझै उड्न चाहान्छु बादलमा

सत्यलाई अङ्गाल्दै म भित्र एक ज्याला छ
असफल नकामझैं समाजले मलाई दबा छ,
मुखमा छ पट्टी हातगोडा सबै समाछन्
मानवताको बस्ती तर गिद्धले राज जमाछन्

दुनियाँ दुःखित छ दुर्बलहरुको दायराले
कानून त अन्धो चाहान्छ आफ्नै फाइदारे
भोको पेट सुत्नेहरुलाई संविधान आएर के पाए
परिवर्तन ल्याउन खोज्नेका अस्तु पनि सेलाए

के कुरा गर्नु जब मानवताको भो निधन
समय बदलिँदैमा सुस्ताउँदै छ यो जीवन
आफैँसँग प्रश्न गर्छु यही नै हो मेरो इलम
केही गर्ने आश थियो घातक बन्यो यो मिलन

बाच्न चाहान्छु म आफैँभित्र हराएर
बस्नुछैन अब मलाई बाध्यता दबाएर
हत्या हिंसाबाट टाडा सङ्गम सजाएर
मुक्तशैली सदाबार साम्राज्य लडाएर

कविको छविमा लगाउने तिन्का हातलाई
काटिएर चडाईयोस् दैत्यहरुको जातलाई
म क्रान्तिकारी जुलुसमा गई सबको नास भई
म नरहे पनि क्रान्ति रहोस् सबको मनमा
बास भई

कक्षा १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

म नयाँ नेपाल हुँ!

सरोज प्रसाद साह

म नव-विज्ञानको आधार हुँ !
म सम्पूर्ण नारीको सम्मान हुँ !!
म उन्नतिको नयाँ उडान हुँ !
म नयाँ नेपाल हुँ !!

म इन्द्रेणीय आकाश हुँ !
म सुनौला सपनाका आधार हुँ !!
म जटिल समस्याका त्रिकोण समाधान हुँ !
म नयाँ नेपाल हुँ !!



परिवर्तन मेरो अटल परिचय हो !
शिरमा छ प्रविधिको ढाका टोपी !!
म देशभक्तिको पहाड हुँ !
म नयाँ नेपाल हुँ !!

मभित्र प्रलय सहने सहस छ !
म भक्ति थापा र सास्त्रीका भाति वीर हुँ !!
म भोलिको हकदार हुँ !
म नयाँ नेपाल हुँ !!

असफलता मेरो पुरानो मित्र हो !
हिराको भाति तेज ,मेरो चरित्र हो !!
म सूर्य र चन्द्रको नयाँ पहिचान हुँ !
म नयाँ नेपाल हुँ !!
म नयाँ नेपाल हुँ !!!२

प्रेम

अनिरुद्र उप्रेती

लालीगुराँस झै
सौन्दर्य तिम्रो
कोइली झैं सुरिलो आवाज
तिमी नदेखे मेरो
जीवन धमिलो
तिमीलाई खोज्नलाई
उडेको छु बनेर बाज
तिम्रो मुस्कान हेरी
जुन नि सर्माउँछ
झन म चाहिँ को नै हो र
तिम्रो मुहार हेरी
जुनले नि उज्यालो पाउँछ
सूर्य भने लाजले
भागेर जान्छ पर

तिम्रो रोशनीले
मेरो संसार उज्यालो हुन्छ
सूर्यको के नै काम छ र
यो मन हजारौंको भीडमा नि
तिम्रै आवाज सुन्छ
के यो साच्चीकै प्रेम हो र ?
सक्दिनँ तिमीबाट छुट्टिन
नजाऊ तिमी मबाट टाढा
यादले तिम्रो रातभरि सुतिनँ
तिम्रो यादले घोच्दछ
बनेर काँडा
सोध्छु म आजकाल
आफैँलाई तिमी कता गयौं
पर्खी रहन्छु त्यही बाटोमा
तिमीलाई
तर
तिमी आँखै अगाडिबाट
विलुप्त भयौं
आँखै अगाडिबाट

कक्षा १२
हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

गाउँखाने कथा

१. जति धेरै ताने पनि अडी बस्दैन, तान्न बिर्से छाडिदिन्छ ढिपी कस्दैन ।
- सास

२. बसाई हेर्दा बाघको जस्तो हाल, चोटकोठा डुलिहिँड्ने गजबै छ चाल ।
- बिरालो

३. जति बढ्यो उति झाँक्रो फिँजाउने ।
- बाबिलो

४. एकखुट्टे गाई दैलोमा नअटाई ।
- छाता

५. जति लात्ती खाए पनि डराउँदैन, लात्ती दिन थाके पनि खानै थाक्दैन ।
- भकुण्डो

मेरो पहिचान

मेरो घरमा बत्ती बालेर उज्याललो ल्याउने
ज्योती हुँ म
मेरो परिवारको भविष्य बनाउने
उज्वल तारा हुँ म
आकाशका कुनै पनि तारा टुटे झैं
म कहाँ टुटी बस्न सक्छु र
आफ्नो सपनालाई साकार नगरी म
कहाँ हार मानी बस्न सक्छु र
बास्तवमा मेरो परिवारको दृढ
आशा भरोसा हुँ म

सुजिना वाईबा

कक्षा-१०
रिलायन्स अंग्रेजी आवासीय मावि

साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशिः परिश्रमपूर्वक महत्वपूर्ण योजना तयार पारिने भएपनि कार्यसम्पादन गर्न बाधा अवरोध सिर्जना हुने समय योग छ। इष्टमित्रको साथ सहयोग प्राप्त हुने समय योग छ। क्रोध र लोभमा विशेष समय गर्दा राम्रो रहन्छ। रोजगारीको क्षेत्रमा कठिन परिश्रम गर्नु पर्ने समय योग देखिन्छ। पढाई–लेखाई ठिकै छ।

वृष राशिः आर्थिक अवस्थामा कमजोरी देखा पर्ला। धार्मिक तथा सामाजिक क्षेत्रमा धन व्यय हुने योग छ। कामधन्दामा बाधा अवरोध साथै काममा ढिलासुस्ती हुनेछ। नसा सम्बन्धी समस्या योगले सताउँला। स्वाभिमानमा प्रश्न चिन्ह खडा होला। मानसिक चिन्ताले सताउँला। पढाई–लेखाई मध्यम। व्यापार ठिकै देखिन्छ।

मिथुन राशिः समय ठिकै छ। व्यापार–व्यवसायबाट धनागम होला। आर्थिक पक्षमा सुधार आउला। मान–सम्मानमा वृद्धि होला। यान–बाहन लाभ होला। कामकाजमा सजगता अपनाउनु पर्ला। अध्ययन–अध्यापन अनि धार्मिक क्षेत्रमा समय व्यतित हुनेछ। आफूभन्दा सानाबाट असहयोग हुनाले मानसिक चिन्ता बढ्ला।

कर्कट राशिः दीर्घकालिन कार्यको शुरुवात हुने समय छ। माङ्गलिक कार्यको योग छ। सामाजिक कार्यमा बढी समय खर्चनु पर्ने योग छ। सुखभावमा केतु बसेकाले पारिवारीक समस्याले सताउने समय योग छ। शेयर कारोबारबाट हानी होला। शनि साढेशातीले काममा बाधा व्यवधान चोटपटकबाट बच्नु बचाउँनु पर्ने समय छ।

सिंह राशिः समय ठिकै छ। सु–अवसर, मान सम्मान, पदोन्नति, स्थानान्तरण व्यापार–व्यवसायबाट लाभ प्राप्त हुने समय योग छ। पारिवारीक विवाद, खर्च वृद्धि काममा आलस्यता प्राप्त हुने समय योग छ। अध्ययन–अध्यापनमा भने ठिकै छ। धार्मिक तथा सामाजिक काममा समय व्यतित होला। अन्य शुभ योग छ।

कन्या राशिः स्वास्थ्य समस्या योग रहेको छ। चोटपटक र रोगमा वृद्धि भएपनि हानी पुग्ने पनि छैन। शैक्षिक क्षेत्रमा नैराश्यता बढाउने समय योग छ। दाम्पत्य जीवनमा भने उतारचढाप आउन सक्छ। रोजगारीका काममा समेत निराशजनक अवस्था आउला। क्षमतामा प्रश्न चिन्ह खडा हुन सक्छ। मान–सम्मानमा पनि कमी आउने समय योग छ।

तुला राशिः दाम्पत्य जीवन र परिवारका पक्षबाट सोचे अनुरुप सहयोग मिल्ने देखिदैन। आर्थिक पक्षमा मन्दी होला। चोटपटक र दुर्घटनाको भय रहला। शत्रु पक्षको मनोबल घट्ने समय छ। स्वास्थ्य क्षेत्रमा सुधार आउला। व्यापार–व्यवसाय ठिकै रहन्छ। पढाइ–लेखाइ र धार्मिक पक्ष अनि सामाजिक कार्यले भने साथ सहयोग प्रदान गर्ला।

वृश्चिक राशिः व्यापार–व्यवसायबाट त्यति लाभ नहोला। नोकरीका क्षेत्रमा अपजस मिल्नाले मानसिक तनाब उत्पन्न हुनेछ। विपक्षीको मनोबल कमजोर रहने समय छ। अनावश्यक धन खर्च गराउने छ। पारिवारीक कलह निम्त्याउला। आरोप–प्रत्यारोपण बढ्ने समय छ। शैक्षिक क्षेत्रमा नैराश्यता र पेट सम्बन्धी रोगले पीडा दिनेछ।

धनु राशिः दीर्घकालिन योजना सम्पन्न रहनेछन्। गलत निर्णयका कारण आलोचित बन्नुपर्ला। पराक्रम भावमा उग्र ग्रह बसेकाले न्यायिक क्षेत्रमा सफलता तर दाजुभाइसँगको सम्बन्धमा भने मनमुटाव आउला। प्रशासनिक काममा विलम्ब होला। धार्मिक तथा सामाजिक काममा समय खर्चनु पर्ने समय छ। शैक्षिक क्षेत्रमा परिश्रम गर्नुपर्ने छ।

मकर राशिः समय वादविवाद, अनावश्यक दौडधूप र कार्यबाधा रहने समय योग छ। आफन्त तथा मित्रजनबाट असहयोग प्राप्त होला। दाम्पत्य जीवनमा भने उतार चढाप आउला। सामाजिक तथा राजनैतिक कार्यमा आलोचित बनिने समय योग रहेको छ। पढाइ–लेखाइ पनि मध्यमकारक रहेको छ। व्यापार–व्यवसायका कामहरु भने ठिकै हुनेछन्।

कुम्भ राशिः समय मध्यमकारक रहेको छ। राहु बोलीका स्थानमा र केतु आयु स्थानमा गएर बसेकाले बोली र नशा सम्बन्धी समस्याबाट बच्नुपर्ला। चुनौतिपूर्ण कामहरु गर्दै जानुपर्ला। स्वास्थ्य बाधा कमजोर बन्दै जाला। कब्जियत, बाथ, पायल्स रोगले सताउने भएकाले खानपानमा सजगता अपनाउनुपर्ला। पढाइ–लेखाइ ठिकै रहने योग छ।

मीन राशिः धन सम्पत्ति हानी हुने योग छ। बोलीका कारण आफन्त इष्टमित्रहरु टाढिने समय योग छ। स्वास्थ्य समस्याले नसताउला भन्न सकिन्न। पारिवारीक कलह बढ्ला। सामान्य कामकाजमा पनि बाधा अवरोध आइपर्ला। स्थानान्तरणको समय योग छ। खर्चभार वृद्धि होला। सामाजिक तथा व्यापारि कृत्यमा समय व्यतित हुने समय छ।

BUDDHA
Bar & Restaurant
MAKI
Sushi
Frist time
in
greenery
city
Hetauda
Relaunching coming wednesday 10-04-2080
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

We Are Open
हाम्रो सेवाहरू:
- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

सम्पर्क: ९८४५४३८८६०/०५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

स्वादिष्ट नेवारी खाजा
अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

शिविरमा १३२ जनाको आँखा परीक्षण

आँखा परीक्षण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मनहरी सामुदायिक आँखा केन्द्रमा भएको शिविरमा १ सय ३२ जनाले आँखा परीक्षण गरेका छन् । हेटौँडा सामुदायिक आँखा अस्पताल तथा सामुदायिक आँखा केन्द्र मनहरीको आयोजनामा भएको शिविरमा १ सय ३२ जनाले जाँच गराएका आँखा केन्द्रका प्रमुख चन्द्रा लेखीले जानकारी दिनुभयो ।

आँखा जाँच गराएका मध्ये धेरैमा आँखाको कमजोरी, आँखा पाकेको साथै ११ जनामा मोतिविन्दुको समस्या समेत देखिएको छ । आँखाको जाच्न तीनजना आँखा विशेषज्ञ डा. सुशील कुमार सिंह, डा.चन्द्रकान्त चौधरी र डा. आँचल शर्माले गर्नु भएको थियो । शिविरमा नेपाल रेडक्रस सोसाईटि उपशाखा मनहरी तथा मनहरी गाँउपालिकाको सहयोग रहेको थियो । आँखा शिविरमा स्काउटका विद्यार्थीहरुले सहयोग गरेका थिए ।

ग्रामीण महिला सेवा केन्द्रको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, लट्टीनाथ मार्गस्थित ग्रामीण महिला सेवा केन्द्र मकवानपुरको २२ औं साधारणसभा सम्पन्न भएको छ । संस्थाकी अध्यक्ष सुलोचना स्याङ्तानको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभाको उद्घाटन गर्नुहुँदै नगर प्रमुख लामाले ग्रामीण महिला सेवा केन्द्रले महिलाको आर्थिक क्षेत्रमा निर्वाहमुखी भूमिका खेलेको बताउनुभयो । उक्त संस्थाको जगेर्ना गर्न आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

साधारणसभामा संस्थाको प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ । संस्थाको कोषाध्यक्ष देवकी चौलागाईले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । आर्थिक वर्ष २०७९/०८० मा संस्थाको आय ९१ लाख ८१ हजार ४ सय रुपैयाँ रहेको छ भने व्यय ९२ लाख ६२ हजार ५६ रुपैयाँ रहेको छ ।

संस्थाको निवर्तमान अध्यक्ष मञ्जु थिङले आमाहरुलाई सचेत गराए उहाँहरुका बालबालिका पनि सचेत हुने बताउनुभयो । संस्थामा हाल २९ जना महिला सदस्य आबद्ध छन् ।

साधारणसभाले वार्षिक प्रगति प्रतिवेदन तथा योजना, आर्थिक प्रतिवेदन, लेखा सुपरीवेक्षण प्रतिवेदन पारित गरेको छ । यस्तै, लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने अधिकार प्रत्यायोजन, आवश्यक नीतिनियम संशोधन, कार्यसमितिको पदपूर्ति, आजीवन सदस्य र माइनुट प्रमाणित सम्बन्धी निर्णयहरु भएका छन् ।

संस्थाले बागमती गाउँपालिका वडा नम्बर ७ र ८, मनहरी गाउँपालिका वडा नम्बर ३ र ५ तथा हेटौंडा १९ मा परिवर्तनका संवाहक कक्षाहरु सञ्चालनलाई निरन्तरता दिँदै आएको छ ।

खेलकुदलाई प्राथमिकता दिँदै जीएस निकेतन

रोहित थापा क्षेत्री

हेटौंडाः हेटौंडा-५ स्थित जीएस निकेतन स्कूलले खेलकुदलाई प्राथमिकता दिँदै आएको छ । विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापमा खेलकुदका कार्यक्रम समावेश गरेर खेललाई प्राथमिकता दिएको हो ।

वार्षिक क्यालेण्डर निर्माण गरी सोहीअनुसार नियमित खेलकुद प्रतियोगिता तथा प्रशिक्षण गराइरहेको जीएस निकेतनका खेल शिक्षक विनोद श्रेष्ठले बताउनुभयो । विभिन्न खेलका प्रतियोगिताहरु गराउँदा कक्षा ६ देखि माथिका विद्यार्थीहरुलाई सहभागी गराउने गरेको उहाँले बताउनुभयो ।

क्रिकेट, फुटबल, भलिबल, व्याडमिन्टन, एथलेटिक्सका खेलहरुमा विद्यार्थीलाई सहभागी गराउने गरेको खेलकुद शिक्षक श्रेष्ठले बताउनुभयो । राष्ट्रपति कप तथा प्याब्सनको प्रतियोगितालाई ध्यानमा राखेर प्रतियोगिताहरु गराइरहेको उहाँले बताउनुभयो ।

खेलकुद राष्ट्रको लागि तथा स्वास्थ्यको लागि एकदमै आवश्यक भएकाले खेलकुदलाई विद्यार्थीहरुले प्राथमिकता दिने गरेको उहाँले बताउनुभयो । जीएस निकेतनलाई उत्कृष्ट देखाउने उद्देश्यले विशेष गरी भलिबललाई प्राथमिकता दिएर जिल्लास्तरीय, प्रदेशस्तरीय तथा क्षेत्रीय प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी गराएको उहाँले बताउनुभयो ।

असारको पहिलो हप्तामा कक्षा १० सम्मका विद्यार्थीहरुलाई चितवनको क्रिकेट प्रतियोगितामा सहभागी गराएको र जीएस निकेतनले द्वितीय स्थान हासिल गर्न सफल भएको उहाँले जानकारी दिनुभयो । खेलकुदले मस्तिष्क स्वस्थ हुने, मनोरञ्जन प्राप्त हुने, एक-आपसमा सामञ्जस्यता र निर्णय क्षेमताको विकास हुने प्रशिक्षक श्रेष्ठले बताउनुभयो । खेलकुदमा लागेपछि विद्यार्थी थप अनुशासित हुने भएकाले पढाईका साथै उनीहरुको स्वास्थ्य पनि राम्रो हुने उहाँको भनाइ छ । जीएस निकेतन स्कूलले विद्यार्थीको पढाइसँगै खेलकुदलाई पनि प्राथमिकता दिने गरेको उहाँले जानकारी दिनुभयो ।

गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम हुने भएको छ । सिस्नुपानी नेपाल, मकवानपुरको आयोजनामा आगामी भदौ २० गते कार्यक्रम हुने भएको हो ।

यसवर्ष भदौ १४ गते गाईजात्राको तिथि भएपनि सिस्नुपानीले भदौ २० गतेमात्र गाईजात्रा कार्यक्रम गर्ने निर्णय गरेको छ । मकवानपुरका अग्रज साहित्यकार तुल्सी थापाको निधन भएकाले उक्त दुःखद् अवस्थालाई मध्यनजर गर्दै आफूहरुले गाईजात्राका दिन कार्यक्रम गर्न नसकेको सिस्नुपानी नेपाल मकवापुरका अध्यक्ष राजकुमार लामिछानेले बताउनुभयो । सिस्नुपानीले हास्यव्यङ्ग्यको माध्यमबाट देश, समाजमा रहेका हरेक क्षेत्रका विकृति, विसङ्गतिहरुलाई उजागर गर्ने गरेको उहाँले बताउनुभयो ।

कृष्ण जन्माष्टमीको दिन ३ बजे हुने कार्यक्रममा गाईजात्रा सिस्नुपानी सदन प्रदर्शन गर्ने, व्यङ्ग्य कविता र प्यारोडीलगायतका प्रस्तुति हुने उहाँले बताउनुभयो । कार्यक्रममा मकवानपुरका साहित्यकारहरुले प्रस्तुति दिने जनाइएको छ । गतवर्ष सिस्नुपानीले व्यङ्ग्य र कार्टुन प्रस्तुत गरेर गाईजात्रा मनाएको थियो ।

वक्तृत्वकलामा खड्का प्रथम

समाज संवाददाता

हेटौंडाः पुष्पलाल स्मृति पुस्तकालय र साहित्य संगम मकवानपुरको आयोजनामा भएको वक्तृत्वकला प्रतियोगितामा जेनिथ इन्टरनेशनल सेकेन्डरी स्कुलकी छात्रा कुशुम खड्का प्रथम भएकी छिन् । शुक्रबार १६औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा "पठन संस्कृति आजको आवश्यकता" विषयक् वक्तृत्वकला प्रतियोगितामा खड्का प्रथम हुन सफल भएकी हुन् ।

प्रतियोगितामा ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालयकी प्रतिष्ठा कार्की द्वितीय, ब्रह्मदिक् एकेडेमीकी प्रियान्सु पोखरेल तृतीय र जनप्रिय माध्यमिक विद्यालयकी एरिना चौलागाई सान्त्वना हुन सफल भएका छन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः २ हजार रुपैयाँ, एक हजार ५ सय रुपैयाँ, एक हजार रुपैयाँ र ५ सय रुपैयाँसहित प्रमाणपत्रले पुरस्कृत गरिएको छ । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा पुष्पलाल स्मृति पुस्तकालयका सल्लाहकार साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । सोही अवसरमा नियमित पाठक निरञ्जन कुमार साहलाई सम्मानपत्र र पुस्तकले सम्मान गरिएको छ ।

अवैध सामान वरामद

समाज संवाददाता

हेटौंडाः भन्सार छलेर ल्याएको अवैध सामान मकवानपुर प्रहरीले बरामद गरेको छ । हिजो बिहीबार हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट ८९ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको भे १ ख ३८२१ नम्बरको बसलाई प्रहरीले सुरक्षाजाँच गर्दा बसको डिक्किबाट काजु ३ वटा बट्टा (२५ किलो) र अमुल बटर ४ काटुन (६० किलो) सामान बरामद गरेको प्रहरीले जनाएको छ । अवैध सामान नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ ।

३ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा पछिल्लो २४ घण्टामा ३ जनामा डेंगु पुष्टि भएको छ । डेंगु पुष्टि हुनेमा २ जना हेटौंडा उपमहानगरपालिका रहेका छन् भने एकजना भीमफेदी गाउँपालिकाका छन् ।

मकवानपुरमा साउन १ गतेदेखि शुक्रबारसम्म ३ सय २५ जनामा डेंगु देखिएको छ । जसमध्ये हेटौंडाका मात्र २ सय २० जना रहेका छन् । हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा १ सय १२ पुरुष र १ सय ८ महिलामा डेंगु देखिएको मकवानपुर जनस्वास्थ्यका डेंगु फोकल पर्सन नवदीप सिलवालले जानकारी दिनुभयो ।

ड्राइभरडाँडामा मानव कंकाल भेटियो

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१४, ड्राइभरडाँडामा मानव कंकाल भेटिएको छ । शुक्रबार दिउँसो ३ बजेको समयमा मानव कंकाल फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

कंकाल कसको हो भनी पहिचान हुन नसकेको प्रवक्ता कार्कीले बताउनुभयो । शुक्रबार दिउँसो कंकाल भेटिएको भन्ने खवर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट मयुरधापबाट प्रहरी हबल्दार राम बहादुर थापा मगरको कमाण्डमा टोली खटेर घटनास्थल सुरक्षित राखेको थियो ।

सच्याइएको:

मिति २०८० साल भदौ १५ गतेको अंकमा हेटौँडामा मनाइयो गाइजात्रा शीर्षकको पहिलो पृष्ठको समाचारमा नेवा साँस्कृतिक पुचःका अध्यक्ष सुनकुमार मानन्धर हुनुपर्नेमा असावधानीबस अन्यथा भएकोमा सच्याएको छ ।
सम्पादक ।



हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

२० जनाले गरे रक्तदान

samriddhasamaj.com

रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना दिवसमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । १५ औं स्थापना दिवसको अवसरमा शुक्रबार बिहान आयोजना गरिएको कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

३ जना महिला र १७ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ । सहकारीका अध्यक्ष फुलमान श्रेष्ठ र कोषाध्यक्ष खेमराज सापकोटाले ब्लड व्याग हस्तान्तरण गर्नुहुँदै रक्तदान कार्यक्रमको उद्घाटन गरिएको थियो ।

यस्तै भोलि शनिबार बिहान कृष्ण प्रणामी युवा परिषद्को आयोजनामा मन्दिर परिसरमा रक्तदान कार्यक्रम हुँदैछ ।

साउनमा ३ सय ६२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडाले एक महिनामा ३ सय ६२ जनाले रक्तदान गरेका छन् । साउन महिनामा गरिएका रक्तदान कार्यक्रममार्फत् ३ सय ६२ जनाबाट रगत संकलन गरेको रक्तसञ्चार केन्द्रका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभयो ।

विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रम तथा रक्तसञ्चार केन्द्रमै पुगेर साउन महिनामा ३ सय ६२ जनाले रक्तदान गरेका हुन् । साउन महिनामा ९ वटा संघसंस्थाले रक्तदान कार्यक्रम आयोजन गरेका थिए । साउन ३ गते मारवाडी युवा मञ्चले आयोजना गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरेका थिए । साउन ७ गते नेकपा एमाले मकवानपुरले आयोजना गरेको कार्यक्रममा ३२ जना र साउन १२ गते जनप्रिय माध्यमिक विद्यालयले आयोजना गरेको कार्यक्रममा ६२ जनाले रक्तदान गरेको दाहालले बताउनुभयो ।

यस्तै, साउन १३ गते रक्तसञ्चार केन्द्रले आयोजना गरेको कार्यक्रममा ५५ जना र साउन २३ गते नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनले आयोजना गरेको कार्यक्रममा ३५ जनाले रक्तदान गरेका थिए । साउन २७ गते नेपाल विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयले आयोजना गरेको कार्यक्रममा ४३ जना र साउन २८ गते नेपाल प्रहरी श्रीमती संघ बागमती प्रदेश प्रहरी कार्यालयले आयोजना गरेको कार्यक्रममा ४७ जनाले रक्तदान गरेका हुन् । साउन ३० गते प्रतिफल बचत तथा सहकारी संस्था र नेपाल तरुण दल जिल्ला कार्यसमिति मकवानपुरले आयोजना गरेको कार्यक्रमा क्रमशः ३५ र २८ जनाले रक्तदान गरेको दाहालले जानकारी दिनुभयो ।

केन्द्रले साउन महिनामा ४ सय ८३ जनालाई रक्त वितरण गरेको छ । अहिले केन्द्रमा १ सय ५० युनिट रगत स्टकमा रहेको छ । दाहालका अनुसार केन्द्रले साउनमा ६१ युनिट सेतो रगत प्लाज्मा र प्लेट्लेट्स बनाएको छ । 'अहिले हामीले डोनरको सूची बनाएका छौं', दाहालले भन्नुभयो- 'सेतो रगत बनाउनु परेमा उहाँहरुलाई बोलाएर सेतो रगत बनाएर वितरण गर्छौं ।' तथ्याङ्कअनुसार रक्तसञ्चार केन्द्रमै आएर ९७ जनाले रक्तदान गरेका छन् ।

मकवानपुर पोलिक्लिनिक
रहमत फार्मेसी

सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

हाम्रो सेवाहरू
- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा

सम्पर्कः मकवानपुर पोलिक्लिनिक
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ